खबर नागरिक
KHABAR NAGARIK
E-paper
खबर नागरिकको समाचार हाम्रो

खबर नागरिक
KHABAR NAGARIK
खबर नागरिकको समाचार हाम्रो
www.khabarnagarik.com CLICK

Khabar Nagarik | खबर नागरिक
२०८२ माघ १२ गते सोमबार (Monday 26 Jan 2026)
www.khabarnagarik.com

## रुपन्देही निर्वाचन प्रहरी छनोट सकियो

# ६ हजार ३२ जना अन्तवार्ताको लागि छनोट, नतिजा आज

**खबर नागरिक**
भैरहवा ।

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि रुपन्देहीमा ४ हजार ४ सय ९७ जना निर्वाचन प्रहरी गरिदै छ जसको छनोट पक्रिया पूरा भएको छ।

जिल्लामा स्वीकृत निर्वाचन प्रहरी भर्ना, छनोट, नियुक्ति तथा परिचालन सम्बन्धी एकिकृत (नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल) कार्यविधि २०८२ अनुसार निर्वाचन प्रहरी भर्ना गरिएको हो। निर्वाचनको सुरक्षा व्यवस्थापन थप चुस्त, प्रभावकारी र व्यवस्थित बनाउन निर्वाचन प्रहरी भर्ना गरिएकोमा ६ हजार ८ सय १४ जनाले आवेदन भरेका थिए।

नियमिततर्फका सुरक्षाकर्मीबाट जनशक्ति अपुग भएपछि सरकारले नेपाल प्रहरी र सशस्त्र प्रहरीमार्फत ४० दिनको म्यादका लागि निर्वाचन प्रहरी परिचालन गर्छ। ५ निर्वाचन क्षेत्र रहेको रुपन्देहीमा निर्वाचन क्षेत्रमा तैनाथ गर्नका लागि नेपाल प्रहरी तर्फ ४ हजार १९ जना र सशस्त्र प्रहरी तर्फ ४ सय ७८ जना निर्वाचन प्रहरी भर्ना गर्दैछ। नेपाल प्रहरी तर्फ ६ हजार २ सय ४९ जना। सशस्त्र प्रहरी र्फ ५ सय ६५ जनाको आवेदन परेकोमा उत्तीर्ण भई ६ हजार ३२ जना अन्तवार्ताका लागि योग्य रहेका जिल्ला प्रहरी रुपन्देहीका प्रवक्ता डीएसपी गाणेश सापकोटाले जानकारी दिए। आइतबार ३ सिफ्टमा १० वटा काउन्टरबाट अन्तवार्ता भई त्यसबाट योग्य भएकाको सोमबार नतिजा प्रकाशन हुन्छ। जस अनुसार आवश्यकता अनुसारको नियुक्ती गर्ने र केहीलाई बैक्ल्पीक रुपमा राख्ने जिल्ला प्रहरी कार्यालयले जानकारी दिएको छ।

अन्तर्वाताका लागि सशस्त्र प्रहरी तर्फ ४ सय ६५ जना र नेपाल प्रहरी तर्फ ५ हजार ५ सय ६७ जना छनोट भएका थिए।

निर्वाचन प्रहरी भर्ना छनोट तथा नियुक्ति समिति रुपन्देहीले नेपाल प्रहरी र सशस्त्र प्रहरीका नेपालका लागि एकीकृत सूचना प्रकाशित गर्दै योग्य नेपाली नागरिकबाट दरखास्त आह्वान गरेर छनोट गरेको हो।

निर्वाचन प्रहरी भर्ना छनोटका लागि सम्वन्धित जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा भर्ना छनोट समिति बनाइएको थियो।



निर्वाचन सुरक्षा व्यवस्थापनमा भएको जनशक्ति अपुग भएकोले नेपाल प्रहरी र सशस्त्र प्रहरीको 'सहयोगी सुरक्षा फौज'का रूपमा परिचालन गर्ने गरी निर्वाचन प्रहरी भर्ना गरिएको हो । यसरी भर्ना हुनेमध्ये प्रहरीमार्फत खटिने जनशक्ति प्रहरीकै चेन अफ कमाण्ड र सशस्त्र अन्तर्गत खटिनेले सशस्त्रले चेन अफ कामाण्डमा रहनु पर्ने छ।

यस्तै, निर्वाचन प्रहरीको कार्य अवधि नियुक्ति मितिदेखि ४० दिन वा नेपाल सरकारले तोके बमोजिम रहने छ। सेवा सुविधाअन्तर्गत प्रतिदिन ८६९ रुपैयाँ ४० पैसाको दरले ४० दिनका लागि ३४ हजार ७७६ पारिश्रमिक प्रदान गरिन समितिले जनाएको छ। साथै सम्बन्धित जिल्लामा नेपाल प्रहरी र सशस्त्र प्रहरीले पाउने दररेट अनुसार खाद्यान्न खर्चसमेत उपलब्ध हुन्छ ।

प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि रुपन्देहीबाट ३ लाख ४६ हजार २ सय ३ जना पुरुष, ३ लाख ३६ हजार ३ सय ११ जना महिला र ९ जना अन्य गरी ६ लाख ७२ हजार ५ सय २३ जना लाई मतदाता रहेका छन्। जस्का लागि ५ निर्वाचन क्षेत्रमा २ सय ९ वटा मतदान स्थल र ७ सय ३२ मतदान केन्द्र तय भएको छ।.

